# तार व्यवस्थापन गर्ने कार्यका लागि

# नेपाल दूरसञ्चार प्राधिकरणको जरुरी सूचना

प्रकाशित मितिः २०८३/०२/२८

शहरी क्षेत्रमा टेलिफोन, इन्टरनेट लगायतका दूरसञ्चार सेवाका तारहरू सडक छेउका पोलहरूमा गुजुल्टो परेको, चुडिएको तथा लत्रिएको अवस्थामा रहेको कारण शहरी सौन्दर्यमा ह्रास आउनुका साथै सार्वजनिक सुरक्षा तथा आवागमनमा समेत जोखिम उत्पन्न भएको देखिएको छ। उक्त अवस्थालाई सुधार गरी तार व्यवस्थापनलाई व्यवस्थित, सुरक्षित तथा प्रभावकारी बनाउन नेपाल विद्युत प्राधिकरणको भूमिगत संरचना उपलब्ध भएका क्षेत्रमा देहाय बमोजिमको Route Plan अनुसार अव्यवस्थित तथा प्रयोगमा नरहेका तारहरूको व्यवस्थापन तथा हटाउने कार्य सञ्चालन गरिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. त्रिपुरेवर-कालिमाटी-कलंकी,
२. जडीबुटी-पेप्सीकोला,
३. त्रिपुरेश्वर-लाजिम्पाट,
४. सामाखुशी टाउन प्लानिङ (गोंगबु),
५. कीर्तिपुर क्षेत्र तथा
६. पुरानो वानेश्वर-गौशाला-चावहिल

उल्लेखित रुटहरूमा १५ दिन भित्र चरणबद्ध रूपमा तार व्यवस्थापन तथा अव्यवस्थित तार हटाउने कार्यक्रम सञ्चालन गरिने हुँदा सम्बन्धित सबै दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायकहरूलाई दैनिक रूपमा सञ्चालन हुने तार व्यवस्थापन गर्नुहुन यसै सूचनामार्फत निर्देश गरिन्छ। साथै, सेवा प्रदायकहरूले आफ्नो स्वामित्वमा रहेका तारहरूमा संस्थाको स्पष्ट रूपमा पहिचान खुल्ने गरी ट्याग (Tag) राख्नुपर्नेछ। तार व्यवस्थापन कार्यका क्रममा सम्बन्धित सेवा प्रदायकको प्रतिनिधि उपस्थित नभएको वा तारमा आवश्यक पहिचान खुल्ने ट्याग नरहेको कारण सम्बन्धित तारको पहिचान हुन नसकी तार काटिन गएमा, हटाइन गएमा वा अन्य कुनै क्षति हुन गएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित सेवा प्रदायक स्वयंको हुनेछ। यसका अतिरिक्त, सेवा प्रदायकहरूले आफ्नो नेटवर्कको विकास, विस्तार, मर्मतसम्भार तथा पुनःव्यवस्थापन गर्दा नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको **"Directives for Laying and Maintaining Optical Fiber Network"** बमोजिम मात्र कार्य गर्नुपर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।


नेपाल दूरसञ्चार प्राधिकरण, जमल, काठमाडौं, नेपाल

फोनः ९७७ -१-५३५५४७४

Email: info@nta.gov.np, ntra@nta.gov.np

Web: https://nta.gov.np/